भारतीय राजदूतावास

काठमाडौं

****

# **प्रेस विज्ञप्ति**

नेपालको लुम्बिनी प्रदेशको प्यूठानमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको उद्घाटन

भारत सरकारको आर्थिक सहयोगमा निर्मित लुम्बिनी प्रदेशको प्यूठानको ऐरावती गाउँपालिका-१, अमिलीस्थित श्री दाङवाङ माध्यमिक विद्यालयको विद्यालय एवम् छात्रावास भवनहरुको आज भारतीय राजदूतावास, काठमाडौंका काउन्सलर श्री गीतांजलि ब्रैंडन र ऐरावती गाउँपालिकाका अध्यक्ष श्री नविल विक्रम शाहले संयुक्त रुपमा उद्घाटन गर्नुभयो। उक्त कार्यक्रममा राजनीतिक प्रतिनिधि, सरकारी अधिकारी, समाजसेवी, विद्यालयका शिक्षक/शिक्षिका, विद्यार्थी र उनीहरुका अभिभावकको पनि उपस्थिति रहेको थियो।

२. उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा भारत सरकारको अनुदान विद्यालय एवम् छात्रावास भवनहरु तथा अन्य सम्बद्ध संरचनाको निर्माणमा उपयोग गरिएको थियो। यो प्यूठानको ऐरावती गाउँपालिका मार्फत कार्यान्वयन गरिएको थियो।

३. श्री दाङवाङ माध्यमिक विद्यालय प्यूठानको ग्रामीण क्षेत्रको अग्रणी सरकारी विद्यालयहरू मध्ये एक हो। यस विद्यालयले २३४ विद्यार्थीहरुका लागि ईसीडी (प्लेग्रुप) देखि कक्षा १० सम्म शिक्षा प्रदान गर्दछ जसमध्ये लगभग ६०% छात्राहरु रहेका छन्।

४. ऐरावती गाउँपालिकाका अध्यक्ष, विद्यालय व्यवस्थापन तथा अन्य सरोकारवालाहरुले भारत सरकारद्वारा प्रदान गरिदै आएको विकास सहयोगप्रति कृतज्ञता व्यक्त गर्नुभयो। वहाँहरुले यस परियोजनाबाट निर्माण गरिएको पूर्वाधारले प्यूठानको श्री दाङवाङ माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई गुणस्तरिय शिक्षा उपलब्ध गराउन मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो। यसले सिकाइको लागि अझ राम्रो वातावरण सिर्जना गर्नका साथै यस क्षेत्रमा शिक्षा क्षेत्रको समग्र विकासमा योगदान पुऱ्याउन मद्दत गर्नेछ।

५. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ। यस उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार सुदृढ गर्नुका साथै विकास र समृद्धि हासिल गर्न नेपाल सरकारले गरिरहेको प्रयासलाई मजबुत बनाउन भारत सरकारको निरन्तर सहयोगलाई झल्काउँछ।

काठमाडौं

२०८२ मंसीर ३